बैठक संख्या ११.

आज मिति २०६४ साल आश्विन २२ गते आइतबार अर्जुनधारा नगरकार्यपालिका बैठक श्रीमान नगरप्रमुख हरिकुमार राना ज्यूको अध्यक्षतामा ~~बसी~~ देहाय सदस्यहरुको उपस्थितीमा बसी निम्नानुसार निर्णयहरु गरियो।

उपस्थिती

१) श्रीमान नगरप्रमुख हरिकुमार राना, अध्यक्ष.
२) नगरउपप्रमुख श्री कमला खतिवडा आचार्य, सदस्य
३) वडाध्यक्ष, श्री जगाधर खतिवडा, सदस्य
४) वडाध्यक्ष. श्री रघुनाथ खनाल, सदस्य
५) वडाध्यक्ष. श्री जीवकुमार भण्डारी, सदस्य
६) वडाध्यक्ष. श्री दुर्गाप्रसाद दाहाल, सदस्य
७) वडाध्यक्ष. श्री ध्यानबहादुर मारती, सदस्य
८) वडाध्यक्ष. श्री लौकनाथ गौतम, सदस्य
९) वडाध्यक्ष. श्री नवराम ढुंगाना, सदस्य
१०) वडाध्यक्ष. श्री जोगीचन्द्र गौतम, सदस्य
११) वडाध्यक्ष. श्री पुष्पकुमार प्रसाई, सदस्य
१२) वडाध्यक्ष. श्री बलदेवसिंह जोन्देन तामाङ, सदस्य
१३) वडाध्यक्ष. श्री भैरव बहादुर खड्का, सदस्य
१४) न.स.स., श्री शारदाकुमारी भट्टराई, सदस्य
१५) न.स.स., श्री लक्ष्मी तामाङ, सदस्य
१६) न.स.स. श्री हरिमाया गण्डारी, सदस्य
१७) न.स.स., श्री शकुन्तला बराल, सदस्य
१८) न.स.स, श्री दिलमाया शिवा, सदस्य
१९) न.स.स. श्री रिवनमान दर्जी, सदस्य
२०) न.स.स. श्री रमेशकुमार दर्जी, सदस्य
२१) न.स.स., श्री दिलिप गुरुङ, सदस्य
२२) कार्यकारी अधिकृत, श्री राधाकृष्ण खतिवडा, सदस्यसचिव आमन्त्रित.
२३) वरिष्ठ कार्यक्रम अधिकृत. श्री हिमराज सेढाई

निर्णयनं. १.

यस अर्जुनधारा नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरि रहेका लाभग्राहिहरुलाई बैंक मार्फत भत्ता वितरण गरिँदै आएकामा ती लाभग्राहि हरुलाई बैंक समम आई रकम बुझ्न असुविधा हुने देखिएकाले बैंकसँग समन्वय गरी वडामा आई रकम वितरण गर्ने व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं २.

गएको वर्षातमा गएको बाढीले गर्दा अर्जुनधारा नगरपालिका क्षेत्र भित्र ६१ वटा पुल तथा सडक संरचनाहरु क्षतिग्रस्त भएका छन् । सो को तत्काल मर्मत सम्भार एवं निर्माण का लागि सो कार्यमा दक्षता हासिल गरेका व्यक्तिहरु समावेश गरिएको उपभोक्ता समिति गठन गर्ने निर्णय गरियो ।

निर्णय नं २

यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्र अव्यवस्थित बसोबास गरिरहेका, जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका एवं डुवान समस्या बाट पिडित हुने जनसङ्ख्या, जमिन एवं घरधुरीको लगत संकलन गर्ने निर्णय गरियो । सो कार्यका लागि सम्बन्धित वडाध्यक्षहरुको एक समिति गठन गरी एक महिना भित्र प्रतिवेदन पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ४.

यस नगरपालिकाको विभिन्न निर्णय प्रक्रिया, कार्यसम्पादन एवं कारोबारमा आवश्यक पर्ने कानुनी, आर्थिक, प्रेस, खेलकुद, भौतिक पूर्वाधार लगायतका क्षेत्रमा राय सल्लाह लिनका लागि विषयविज्ञहरुको व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं ५.

यस अर्जुनधारा नगरपालिकाका लागि आवश्यक मेसिनरी तथा उपकरणहरु खरिद गर्नका लागि आवश्यक व्यवस्थापन गर्नका लागि तपसिल बमोजिम समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल (१) वडाध्यक्ष श्री लोकनाथ गोतम
(२) वडाध्यक्ष श्री जीवकुमार भण्डारी
(३) वडाध्यक्ष श्री बलदेव सिंह गोम्देन
(४) सो कार्यकारी अधिकृत
(५) योजना शाखा प्रमुख

निर्णय नं ६

यस अर्जुनधारा नगरपालिकामा प्राविधिक र कृषि शिक्षालाई प्रवर्द्धन गर्न कृषि शिक्षा तथा प्राविधिक विद्यालयको सम्भाव्यता अध्ययन एवं व्यवस्थापन गरी सिफारिश गर्न तपसिल बमोजिम एक समिति गठन गर्ने निर्णय गरियो ।

धन्यवाद ।

तर्फिल.

वडाध्यक्ष श्री जीवकुमार भण्डारी
वडाध्यक्ष श्री दुर्गाप्रसाद दाहाल
वडाध्यक्ष श्री भैरवबहादुर रक्सा
न.प्र.स. श्री दिलमाया शिवा

निर्णयनं ६.

शनिश्चरे बजारमा रहेको खसी बजारलाई दीर्घकालिन व्यवस्थापन गर्न बजारका लागि आवश्यक अग्गा उपयुक्त स्थानमा छनौट गरी खरिद प्रक्रियामा लैजान तर्फिल बमोजिम रहने गरी एक समिति गठन गर्ने निर्णय गरियो।

तर्फिल:

① वडाध्यक्ष श्री नवराज दुङ्गाना
② वडाध्यक्ष श्री गोपीचन्द्र गौतम
③ वडाध्यक्ष श्री पुष्पकुमार प्रसाई
④ वडाध्यक्ष श्री रघुनाथ खनाल
⑤ ~~[illegible]~~ न.प्र.स. श्री रमेश त्रिखत्री

निर्णयनं: ८

अर्जुनधारा नगरपालिकामा अर्गानिक कृषि प्रणालीलाई प्रवर्द्धन गरी विकास गर्न सकिने सम्भाव्यता अध्ययन ~~[illegible]~~ गरी विषयगत निकाय कार्यालय तह सँग समेत समन्वय गरी आवश्यक कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ९.

अर्जुनधारा नगरक्षेत्र भित्र रहेका उदयीमान खेलाडीहरु ~~[illegible]~~ सहित नगरभित्रका राविद्वय खेलाडीहरुले विभिन्न स्पर्धाहरुमा भाग लिई नगरलाई नै गौरवपूर्ण गौरव गराउने गरी खेल खेलेका खेलाडीहरुको पहिचान गरी एक कार्यक्रम आयोजना गरी सम्मान गरेर हौसला बढाउने निर्णय गरियो।

निर्णयनं. १०.

यस नगरकार्यपालिका कार्यालयको स्वामित्वमा रहेका सवारी साधनहरुलाई सरकारी प्लेटमा चलाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. ११

अर्जुनधारा नगरपालिकामा रहेका ज्येष्ठ नागरिकहरुको नियमित स्वास्थ्य जाँच गर्नका लागि बडामा गई स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्यक्रम ~~सञ्चालन~~ गर्न आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो।

निर्णय नं. १२

यस नगरपालिका कार्यालय बाट विभिन्न योजना एवं कार्यक्रम हरुको सञ्चालन पश्चात भुक्तानी दिँदा सो ~~भेम~~ भुक्तानीलाई नगरप्रमुख बाट स्वर पश्चात मात्र भुक्तानी गर्ने व्यवस्था मिलाउन कार्यालय लाई निर्देशन दिने निर्णय गरियो।

निर्णय नं. १३

अर्जुनधारा - १० मुल रहेको ऐतिहासिक बौद्ध गुम्बाको लागि साविक अर्जुनधारा बाट रकम विनियोजन भई योजना सञ्चालन पश्चात भुक्तानी दिइएको रकम रु. ८०,०००/- (असी हजार मात्र) तल सम्म पनि चेक नसाटीएको फिर्ताको सो रकमलाई अर्को चेकमार्फत भुक्तानी दिने निर्णय गरियो।

निर्णय नं. १४.

नेपाल सरकार, संघीय मामिला तथा स्थानिय विकास मन्त्रालयले तयार गरेको सूचक अनुसार यस अर्जुनधारा नगरपालिकाको नगरप्रोफाइल तयार गर्ने अभियान नेपालबाट पेश हुन आएको प्रस्तावलाई स्वीकृत गरी आवश्यक कामकारबाही अघि बढाउन कार्यादेश दिने निर्णय गरियो।

निर्णय नं. १५.

यस अर्जुनधारा नगरकार्यपालिका को सूचनाहरु प्रवाह गर्न नमस श्री शकुन्तला बरालज्यूलाई प्रवक्ता तोकने निर्णय गरियो।